म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २०५ सोमबार २१ फागुन २०८० ने. सं. ११४४ सिल्लागा 4 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**वैदेशिक रोजगारीमा जाँदा कामदार भिसामा मात्र जाऔं**

☞ भिजिट वा अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
☞ कामदार भिसाबाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियतले हुनसक्छ,
☞ ठगहरुले प्रलोभनमा पारी कामदार भिसाबाहेकका अन्य भिसामासमेत वैदेशिक रोजगारीमा लान सक्छन्,
☞ त्यसैले आफ्नो भिसा यकिन गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,

वैदेशिक रोजगारलाई सुरक्षित बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सीमान्त समुदायमा प्रदेशप्रमुख शर्मा:

## सुरीबस्ती पुगेर बुझे सुरेल समुदायको समस्या

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्मा प्रदेशका सीमान्त समुदायको उत्थानको अभियानमा छन् । प्रमुख शर्माले प्रदेशका विभिन्न जिल्लाभित्र रहेका सीमान्त समुदायमै पुगी उनीहरुको सवालबारेमा जानकारी लिएका छन् ।

शर्मले दोलखाको गौरीशंकर गाउँपालिका-५ स्थित सुरीबस्ती पुगेर सुरेलसँग अन्तरक्रिया गरेका थिए । सुरेल समुदायको बसोबास रहेको सुरीमा पुग्दा सुरेलले प्रदेशप्रमुख शर्मालाई चिसो मौसममा न्यायो स्वागत गरे । सुरेल जाति उत्थान समाजका अध्यक्ष विकास सुरेलले प्रदेशप्रमुख आफ्नो सवालबारे चासो राख्दै घरदैलोमै आइपुगेकोमा खुशी व्यक्त गरे । 'हाम्रा विषयबारे चासो लिंदै यहींसम्म प्रदेशप्रमुख आउनु खुशीको कुरा हो । हाम्रा समस्या, गुनासा र सवालबारे आगामी दिनमा आवश्यक सहयोग पाइन्छ भन्ने आशा छ' उनले भने । सुरेल समुदाय विभिन्न कठिनाई झेल्दै जीवनयापन गरिरहेको उनले सुनाए । 'शिक्षा, स्वास्थ्य, रोजगारीमा हामी पछाडि परेका छौं' विकासले भने,-'हाम्रो भाषा तथा संस्कृति लोप हुने अवस्थामा छ, सरकारले यसतर्फ सोचोस् भन्ने चाहन्छौं ।'

उनले आफ्नो समुदायलाई राजनीतिक दलहरुले स्वार्थअनुकूल प्रयोग गरेको तर, संरक्षणमा ध्यान नदिएको गुनासो पोखे । 'राजनीतिक कारण नै हामीलाई आपसमा विभिन्न कित्तामा विभाजन गरेको छ' उनको धारणा छ । तर, 'चुनावमा भोट हाल्ने विषय र सिङ्गो समुदाय उत्थानको विषय फरक हो भन्ने कुरा हामी सबैले बुझ्नु पर्दछ ।' बागमती प्रदेश सरकारले आगामी दिनमा ल्याउने नीति तथा कार्यक्रममा सुरेल समुदायको उत्थानका लागि आवश्यक कार्यक्रम समेट्न सहजीकरण गरिदिनका लागि प्रदेशप्रमुख शर्मालाई उनले आग्रह गरे ।

सुरेल समुदायका अर्का अगुवा विनोद सुरेलले आफूहरुलाई दीर्घकालीन फाइदा पुग्ने खालका कार्यक्रम आवश्यक भएको बताए । 'विभिन्न प्रकारका तालिम त महिनामा १५ दिनजसो यो समुदायमा हुने गरेको छ तर, दु:खको कुरा तालिमका लागि तालिमजस्तो मात्र



भइरहेको छ' उनले भने, 'व्यावसायिकरुपमा अघि बढ्ने खालका शीपमूलक तालिमको हामीलाई खाँचो छ ।' आफूहरुको मुख्य पेशा कृषि भएपनि बाँस तथा कपडाजन्य उत्पादनका शीपमार्फत आत्मनिर्भर बन्न सक्नेमा आफू विश्वस्त रहेको उनले बताए । 'हामीहरुको शीपको प्रयोगका लागि एउटा उद्योग नै स्थापना गरिए आर्थिक रुपमा प्रगति हुने थियो' उनले भने, 'यसो गर्न सकिए हामीहरुमा स्वरोजगारीको अवस्था सिर्जना हुने थियो भने सुरेल ब्रान्डकै रुपमा हामीले गरेका उत्पादनको पहिचान पनि ।'

सुरेल समुदायका बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहोउन् भन्न स्कुल तथा उच्चशिक्षाका लागि विशेष सहयोगका कार्यक्रम समुदायमा ल्याउनका लागि प्रदेशप्रमुख शर्मालाई विनोदले भने । सुरेल समुदायका अर्का अगुवा रमेश सुरेलले आफूहरुको समुदायमा आवश्यक मात्रामा रोजगारी र आर्थिक समृद्धिका अवसर सरकारले किन ल्याएन ? भन्दै प्रश्न गरे । 'यसअघि यो समुदायका लागि लक्षित गरी कार्यक्रम किन नल्याएको ?' उनको प्रश्न थियो । पुर्ख्यौली पेशासँग जोडिएर आएको कपडा बनाउने शीपबाट लाभ लिनसक्ने खालका कार्यक्रम चाहिएको बताए । 'तीनै तहका सरकारले हाम्रो पुर्ख्यौली पेशा, शीपसँग जोडिएका काममा सहयोग गर्नुपर्‍यो' उनले भने ।

प्रदेशप्रमुख शर्मालेे सिङ्गो समुदाय उत्थानमा शिक्षाको अत्यन्त महत्वपूर्ण भूमिका हुने भन्दै यसमा ध्यान दिन सुझाव दिए । यो समुदायको विकासमा आवश्यक कार्यक्रमका लागि सरकारका प्रतिनिधीसँग सहजीकरणको भूमिका आफूले खेल्ने प्रदेशप्रमुख शर्मालेे बताए । लामो समयदेखिको सुरेल जातिको शीप, कला, कौशल तथा परम्परालाई सँगसँगै लिएर अघि जानका लागि प्रमुख शर्मालेे सुरेल समुदायलाई आग्रह गरे । विशेषगरी शिक्षा समाजउत्थानको महत्वपूर्ण कडी भएकाले यस समुदायका बालबालिकालाई पढाउने-लेखाउने कार्यमा ध्यान दिन उनले सुझाए ।

सुरेल जातिका विषयमा सोधिखोजीका लागि सुरी पुगेका प्रदेशप्रमुख शर्मालाई सुरेल समुदायका अगुवाहरुले लिखितरुपमै उनीहरुका विभिन्न सवाल बुझाए । यस समुदायबाट प्राप्त सवालबारे आवश्यक कार्यका लागि आफ्नो तर्फबाट गर्न सकिने भूमिका निर्वाह गर्न तत्पर रहने प्रतिबद्धता जनाए । प्रदेशप्रमुखसँग सुरेल समुदायको अन्तरक्रियाका लागि समन्वय गराउने गौरीशंकर गाउँपालिका अध्यक्ष विकास कार्कीले लापोन्मुख सीमान्त सुरेल जातिलाई समुन्नत र शिक्षित समुदायकारुपमा विकास गराउन आफ्नो तर्फबाट कुनै कसर बाँकी नराख्ने बताए ।

यो जाति दोलखाको सुन्दरताका रुपमा रहेकाले यसलाई संरक्षण गर्ने काम स्थानीय सरकारको हुनुको नाताले आफ्नो भएको उनको भनाई छ । गाउँपालिकाका तर्फबाट सुरेल समुदायका बालबालिकाको पढाइका लागि उचित सहयोग गरिएको उनले बताए । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कमा ३१८ जना सुरेल जातिको जनसंख्या रहेको उल्लेखित भएको पाइएपनि २२५ जनाले मासिक चारहजार रुपैयाँका दरले सामाजिक सुरक्षाभत्ता पाइरहेको अध्यक्ष कार्कीले जानकारी दिए ।

सुरेल भाषा, संस्कृति संरक्षणमा लागिपरेका अयिभन्ता स्थानीय पत्रकार तथा लेखक मधुसुदन आचार्य यो जाति नेपालको दोलखा जिल्लामा रहेको तामाकोसी नदीको किनारमा बसोवास गर्ने एक लोपोन्मुख जाति भएको पाइएको बताउँछन् । दोलखाको सुरी गाविसमा बासोबास गर्ने भएकोले नै सुरेल भनिएको भन्ने अध्ययनहरुबाट भेटिएको उनको भनाई छ । समाजमा अत्यन्त अपमान खेपेकाले उनीहरुले विगतमा थर परिवर्तन गरी सुनुवार राखेको आचार्यले सुनाए । विगतमा सुनुवार भएकालाई सुरेल जातिमा कायम गराउँन आफूले मुद्दा लडेको अनुभव समेत उनीसँग छ ।

सुरेल जातिको उत्पति ५०० वर्ष पहिले रामेछापको सीमागढी पुर्ख्यौली भएका बासे र बीरबल नाम गरेका दुईजना ससुरा र ज्वाईं शिकार खेल्दै सुरी खोलाको किनारमा आइपुगेको र बास बस्ने क्रममा उनीहरु सुरी पुगेका थिए र पछि त्यहीं नै बसोबास गर्न थाले र यसरी उनीहरु सुरीमा नै बसेकोले सुरेल भनिन थालेको अध्ययनमा भेटिएका छन् । यस सम्बन्धमा जब जिरेल जातिको उत्पत्ति भयो, जिरीमा बस्न थाले तर, पछि केही जिरेलहरु छुट्टिएर सुरीमा बस्न पुगे । त्यही बेलादेखि जिरीमा बस्नेलाई जिरेल भनियो र सुरीमा बस्नेलाई सुरेल भनियो भन्ने किम्बदन्ती पाइन्छ ।

प्रदेशप्रमुख शर्मा सुरेल जातिका विषयमा उनीहरुका वास्तविकताबारे गहिरोसँग जानकारी हासिल हुने भएकाले स्थलगत अर्थात् समुदायमै पुगेर अन्तरक्रिया गरेको बताउँछन् । बागमती प्रदेश प्रमुखको जिम्मेवारीमा आएदेखि नै प्रदेशभित्र रहेका सीमान्त समुदायलाई राज्यको मूल प्रवाहमा कसरी ल्याउन सकिन्छ भन्नेमा विभिन्न अभियानमार्फत् आफू लागिरहेको उनको भनाई छ ।

प्रदेशप्रमुख शर्माले यसअघि मकवानपुरको मनहरी, हाँडीखोलास्थित अति लोपोन्मुख वनकरिया समुदायमा पुगी अन्तर क्रिया गर्दै उनीहरुका अवस्थाबारे जानकारी लिएका थिए । राष्ट्रिय निकुञ्जको क्षेत्रमा बसोबास गर्दै आइरहेका वनकरियालाई सुरक्षित आवास बनाउन तत्कालीन मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे नेतृत्वको सरकारले दश-दश लाख रुपैयाँ उलपब्ध गराउने निर्णय गरेपनि जग्गा उपलब्ध हुन नसक्दा कार्यान्वयन भने भएको छैन । सीमान्त समुदायका सवालबारे अध्ययन गर्ने अभियानअन्तर्गत प्रदेशप्रमुख शर्मा अब सिन्धुलीस्थित हायू समुदायमा पुग्ने कार्यक्रम रहेको बताउँछन् । बागमती प्रदेशका लोपोन्मुख वनकरिया, सुरेल तथा हायू जातिका समुदायको उत्थानमा सघाउ पुर्‍याउन आवश्यक कार्यक्रम निर्माण गर्न आफ्नो तर्फबाट प्रयत्न गरिएको प्रदेशप्रमुख शर्माको भनाई छ ।

## मकवानपुरमा चारदिनमा साढे ७५ हजार बाखामा लगाइयो खोप



साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ बागमती प्रदेश कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले भेडाबाखामा लाग्ने पीपीआर रोग नियन्त्रण तथा रोकथामका लागि बागमती प्रदेशभित्र चार दिनमा करिब साढे पाँच लाख बाखामा पीपीआर खोप लगाइएको छ ।

गत बुधवार १६ फागुनबाट सुरु भएको सप्ताहव्यापी खोप अभियानकार्यक्रमको चौथो दिन शनिबारसम्म पाँच लाख ४९ हजार ८१ वटा बाखामा खोप लगाइसकेको मन्त्रालयका योजना तथा अनुगमन महाशाखा प्रमुख एवम् प्रवक्ता सुजन कंडेलले जानकारी दिए । प्रदेशका सबै जिल्लास्थित पशुसेवा कार्यालय र स्थानीय सरकारसँगको सहकार्यमा खोप केन्द्र सञ्चालन गरिनुका साथै भ्याक्सिनेटरद्वारा खोप अभियान चलाइएको प्रवक्ता कंडेलले बताए ।

पहिलो दिनको तुलनामा दोस्रो दिनबाट भने हजारौं बाखामा खोप लगाइएको तथ्यांक छ । हालसम्म भेडामा भने खोप नलगाइएको प्रवक्ता कंडेलले बताए । प्रदेशको काभ्रे जिल्लामा ६४ हजार ६ सय ८८, ललितपुरमा १२ हजार ७ सय ४७, काठमाडौंमा १४ हजार २ सय ९४, भक्तपुरमा तीन हजार एक सय ४३ वटा बाखामा खोप लगाइएको मन्त्रालयले जनाएको छ । त्यस्तै, दोलखामा ५६ हजार ९ सय ४०, सिन्धुपाल्चोकमा ४३ हजार ४ सय ९, रामेछापमा ४४ हजार ५ सय २७, सिन्धुलीमा ६४ हजार २ सय ४२ वटा बाखामा खोप लगाइएको प्रवक्ता कंडेलले बताए ।

मकवानपुरमा ७५ हजार ६ सय २८, चितवनमा ४० हजार ५ सय ६३, नुवाकोटमा ५४ हजार ५ सय ७, रसुवामा सात हजार ३७ र धादिङमा ६३ हजार ६ सय २५ वटा बाखामा पीपीआर खोप लगाइएको प्रवक्ता कंडेलले जानकारी दिए ।

नेपालमा पछिल्लो समय पीपीआर रोगका कारण धेरै संख्यामा भेडाबाखाको मृत्यु भएको अवस्था छ । जसबाट कृषकले ठुलो मात्रामा नोक्सानी व्याहोर्नु परेकोले पनि विगतको वर्ष झैँ यसवर्ष पनि अभियान नै सञ्चालन गरी खोप लगाएको कृषि, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय बागमती प्रदेशका निर्देशक डा. गौरीमान श्रेष्ठले बताए ।

**हार्दिक बधाई**



यस ज्ञानोदय बालबाटिका एकेडेमी हेटौंडा-२ बाट २०७४ सालको एसएलसीमा उत्कृष्ट अंक ल्याउन सफल मेधावी छात्रा **इशा श्रेष्ठ**ले हाले त्रिभुवन विश्वविद्यालयबाट संचालित बीबीए पाँचौं सेमेस्टरमा ४ जीपीएसहित नेपाल टप गर्न सफल हुनुभएकोमा हार्दिक बधाई सहित उज्वल भविष्यको कामना गर्दछौं ।

बिन्दु गोर्खाली (प्रिन्सिपल) एवम्
**ज्ञानोदय बालबाटिका एकेडेमी**
हेटौंडा-२, परिवार

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

Japanese Excellence
brother at your side
Nepal's No.1
Brother Printer नि:शुल्क सर्भिस क्याम्प
र एक्सचेन्ज अफर २०८०



School Road
हेटौंडा, मकवानपुर
फागुन २४,२५,२६ गते
Print Shop
Support By Toner House
9855071140 057527041
tonerhouse4@gmail.com
In association with
baleyo.com SAGAR

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०७१५, ९८१७८२८६१४, ९८४५६२३५६९

साझाकुरा

## हाम्रो कुरा

# मउवासंघको बंगलादेश भ्रमण

मकवानपुर उद्योग वाणिज्य संघको टोली संस्थागत तथा व्यावसायिक सम्बन्ध विस्तारको उद्देश्यसहित फागुन १५ गतेदेखि २० गतेसम्म बंगलादेशको भ्रमणमा थियो । नेपाली प्रतिनिधिमण्डलले बंगलादेशसँग ब्यापार र ब्यावसायिक साझेदारीका सम्बन्धमा छलफल भयो । संघका अध्यक्ष कृष्णकुमार गुप्ताको नेतृत्वमा गएको २२ सदस्यीय टोलीले भ्रमण अन्तर्गतको औपचारिक कार्यक्रम सम्पन्न गरेको छ । संघका पूर्वअध्यक्ष तथा बंगलादेश नेपाल उद्योग वाणिज्य संघका उपाध्यक्ष अरुणराज सुमार्गीले भ्रमण कार्यक्रम संयोजन गरेका थिए । भ्रमणको क्रममा बंगलादेश उद्योग वाणिज्य महासंघ, बंगलादेश नेपाल उद्योग वाणिज्य संघ, बंगलादेश महिला उद्योग वाणिज्य संघ र कक्स बजार उद्योग वाणिज्य संघका पदाधिकारीसँग छुट्टाछुट्टै छलफल भएको हो ।

मउवासंघबाट सहभागिता जनाएका प्रतिनिधिले बंगलादेश उद्योग वाणिज्य महासंघका प्रतिनिधिसँग सहकार्यका सम्भावनाबारे बृहत छलफल भएको बताइएको छ । बंगलादेश र नेपालबीच सहकार्य र सम्भावना बोकेका व्यवसायको व्यापार सम्बन्ध विस्तार गर्नुपर्ने बिषयमा छलफल गरिएको बताइएको छ । बंगलादेशमा रहेका विभिन्न उद्योग वाणिज्य संघसँग अनुभव आदानप्रदान गर्दै व्यापार विस्तार गर्न सहज वातावरण बनाउनु पर्ने विषयमा छलफल भएको थियो । यसहघि नेपालका डेरी उद्यमीले दुग्धजन्य उत्पादन बंगलादेश निर्यात गर्ने सम्भावनाको खोजी गर्दै बंगलादेश पुगेका थिए । तर, नेपालबाट निर्यात हुनसक्ने दररेट भन्दा धेरै कम मूल्यमा युरोपियन मुलुकबाट बंगलादेशले दुग्धजन्यपदार्थ आयात गरिरहेको जानकारी पाएपछि नेपालका डेरी ब्यवसायी निराश भएर रित्तो हात फर्किएको थियो । तर, मकवानपुरको भ्रमण टोलीले भने पहिलो चरणमा अवसर र सम्भावनाको खोजीको प्रयास मात्र गरेको बताइएको छ । नेपाली टोली, ढाकास्थित बंगलादेश महिला उद्योग वाणिज्य संघमा पुगेर अवलोकन तथा छलफल गरेको छ । बंगलादेशको महिला उद्यमीको संस्थाले बंगलादेशभित्र ५० हजार बढी महिलालाई आवद्ध गराइ उद्यमी बनाइ सामाजिक रुपान्तरणको अनुकरणीय नमूना काम गरिरहेको नेपाली प्रतिनिधि मण्डलले अवलोकन गरेको छ । मकवानपुरमा रहेका महिला उद्यमीको अवस्था र बंगलादेशमा रहेको महिला उद्यमीको बीचको भिन्नताबारे मउवासंघको टोलीले पक्के पनि अध्ययन गरेको हुनपर्दछ । हाम्रो समाजमा जति काम गरिन्छ त्यो भन्दा दसौं गुना हल्लाखल्ला गरिन्छ । तर, अन्य मुलुकमा हल्लाखल्ला भन्दा पनि काम गरिन्छ ।

एउटा ब्यावसायिक संस्थाले ५० हजार महिलालाई आबद्ध गरेर आयआर्जनका काम गरिरहेको छ । तर, नेपालमा भए ५० जना संगठित भएपछि सय थरीका कुरा निक्लन्छन् र राजनीति सुरु भइहाल्छ । नेपाल र बंगलादेशबीच हस्तकला, कृषिउपज, कपडा, प्रविधि हस्तान्तरण आदि क्षेत्रमा सहकार्य भइरहेको तर, उच्चभन्सारदर एवम् भारतीय नाका प्रयोगले प्रतिफल हासिल नभएको चर्चा भएको थियो । नेपालको विद्युत बंगलादेशमा निर्यात गर्ने प्रचुर सम्भावना भएपनि भूराजनीति बाधक रहेको अवस्था छ । दुई देशको सम्बन्ध प्रगाढ बनाउन यस्ताखाले भ्रमण, भेटघाट र छलफल नियमित भइर हनुपर्ने महशुस टोलीले गरेको छ । हिमालयन वाटर, अदुवा, गोलभेडा तथा दुधजन्य उत्पादन नेपालबाट निर्यातको सम्भावना रहेतापनि बंगलादेशको उच्चभन्सारदरको कारण यसले गति लिन सकेको छैन । दुबै देशको भन्सार दर र परिवहनको समस्या समाधानमा आवश्यक पहल गर्ने सहमति भएको बताइएको छ । नेपाली टोलीले बंगलादेशको प्रमुख पर्यटकीय क्षेत्र कक्स बजार उद्योग वाणिज्य संघसँग पनि छलफल गरेको छ । करिब १५० किलोमिटर लामो तटीय पर्यटकीय क्षेत्रको रुपमा कक्स बजार रहेको छ । मउवासंघ र कक्स बजार उवासंघबीच फागुन महिनाको अन्त्यतिर भावी सहकार्यको लागि सम्झौता गर्ने प्रारम्भिक छलफल गरिएको मउवासंघले जानकारी दिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन २२ गते मंगलबार ५ मार्च २०२४ । दशमी, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:२६, सूर्यास्त ६:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : यात्राको लागि सुखद देखिन्छ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : रमाइलोको समय रहेको छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : शरीरमा समस्या देखिन सक्नेछ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सानातिना अवरोध आइरहनेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : आर्थिक लाभ मिल्नेछ | **मीन** | : विवाद हुन सक्ने |

# पत्रकार महासंघको चुनाव र नेतृत्व चयनको बहस



✍ टीकाराम खड्का

पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ चुनावको संघारमा पुगेको छ । आगामी चैत्र-वैशाखभित्र चुनाव गर्नुपर्ने वैधानिक व्यवस्थाका कारण पनि महासंघको चुनाव संघारमै आइपुगेको छ भन्दा अब फरक नपर्ला । पत्रकार महासंघको चुनाव नजिकिएसँगै उम्मेदवाका आकांक्षीहरु पनि बिस्तारै खुल्नेछन् । तर, सूचना सम्प्रेषण गर्ने जिम्मेवारी पाएकाहरुले अब कसलाई नेतृत्वमा लैजाने ? पत्रकारको हकहितको काममा लाग्ने व्यक्ति हो होइन ? जस्ता विषयमा सचेततापूर्वक हेर्नुपर्ने स्थिति आइलागेको छ ।

सञ्चारमाध्यममा देखिएको रोजगारी संकुचनदेखि कामबाट जबर्जस्ती निकालिने समस्या थप चुलिएको छ । अघिल्लो दिन समाचार तयार पारेको पत्रकार भोलिपल्ट समाचार कक्षको जिम्मेवारीबाट वञ्चित हुँदै जागिर गुमाइसकेको हुन्छ । सञ्चारमाध्यममा विज्ञापनको खडेरी लाग्नेदेखि व्यवस्थापन पक्षका कारण पत्रकारिता नामको पेसा नै संकटमा छ ।

गम्भीर संकटबाट गुज्रिएको र संकटमा परेको पेसा अँगालेका पत्रकारहरुले चैत्र-वैशाखमा आफ्ना प्रतिनिधि भने छान्नुपर्नेछ । यस्तोमा पेसालाई सम्मान गर्न सक्ने र श्रमजीवी पत्रकारको पक्षमा काम गर्ने हुटहुटी बोकेको पात्रलाई किन नछान्ने ? बहस आवश्यक छ ।

महासंघको चुनावी मैदानमा आउने उम्मेदवार र उनीहरुको दलीय लेपको अनुहार लाई अनुमोदन गर्ने हाम्रोमा परम्पराजस्तै बन्न पुगेको छ । प्राय: चुनावबाट आउने अनुहारहरु अपवादबाहेक आजसम्म दलीय लेपले पोतिएका नै छन् । यसको अर्थ महासंघमा दलीय आबद्धता बोकेकालाई चुन्नै हुन्न भन्ने भने होइन तर, उनीहरुले निर्वाचित भएपछि के गरे र पत्रकारको हकहितका लागि कति काम गरे भन्ने मूल प्रश्न हो ।

यस्तो विषयमा निष्पक्ष बहस अहिलेदेखि नै थाल्नु श्रेयष्कर हुन्छ । स्वतन्त्र, निष्पक्ष र सन्तुलित पत्रकारिता अहिलेको आवश्यकता भए पनि दलीय लेप र विचारधारा बोक्नेहरुले पत्रकारिताको धर्म ननिभाउन पनि सक्छन् । सबै व्यक्ति यही प्रवृत्तिका छन् भन्ने भाष्य स्थापित गर्ने ध्येय त होइन तर विशेषत: सक्रिय पत्रकारितामा संलग्न, मिडिया आबद्धता वा पत्रकारको हकहितका लागि मैदानमा देखिने पात्र नै रोज्नु पत्रकार मतदाताको पहिलो दायित्व र कर्तव्य हो ।

**सञ्चारमाध्यम र महासंघ सदस्यताको स्थिति**

नेपालमा सञ्चारमाध्यम स्थापनाको बाढी नै चलेको छ भन्दा पनि फरक पर्दैन । अहिले ४ हजार ८ सय ५९ पत्रपत्रिका, १ हजार १ सय ८६ रेडियो, २ सय ४३ टेलिभिजन र ४ हजार ३ सय २४ अनलाइन न्यूज पोर्टल रहेको प्रेस काउन्सिलको पछिल्लो तथ्याङ्कले देखाउँछ ।

यसमा केही अनलाइन वा अन्य सञ्चारमाध्यम नचलेका वा बन्द भए पनि अधिकांश चलेकै देखिन्छन् । यसरी हेर्दा अहिले जम्मा १० हजार ६ सय १२ वटा सञ्चारमाध्यम सञ्चालनमा छन् भने, पत्रकार महासंघमा आबद्ध सदस्यको संख्या १३ हजार ७७ जना रहेको पत्रकार महासंघको आधिकारिक तथ्याङ्क अभिलेखीकरण भएको देखिन्छ ।

जसमा पुरुष १० हजार ६ सय ६९ र महिला २ हजार ४ सय ८ जना छन् । यो तथ्याङ्क शुद्धीकरण अभियानपछिको हो । यसरी हेर्दा सञ्चारमाध्यमको संख्याको केही बढी मात्रै पत्रकार संख्या रहेको देखिन्छ ।

पत्रकार महासंघको नेतृत्व चयन गर्ने जिम्मा पनि यही संख्यालाई छ । यो संख्याले कस्तो नेतृत्व चयन गर्ने र कसरी अघि बढ्ने काम गर्छ भन्ने अबको मुख्य मुद्दा हो । हुन त प्रेस काउन्सिल नेपालले हुबहु समाचार कपी गरेको भन्दै १८३ अनलाइन सञ्चारमाध्यमलाई स्पष्टीकरण, कारबाहीको प्रक्रिया अघि बढाएको जनाएको छ ।

यसरी हेर्दा समाचारसमेत बनाउन नसक्ने र हुबहु सार्ने पत्रकारले कस्तो नेतृत्व चयनमा ध्यान देलान् ? प्रश्न यहाँ पनि छ । पत्रकारको परिभाषा नै बदल्ने गरी समाचार हुबहु सार्नेहरुले के आफ्नो संस्थाको नेतृत्व चयनमा विवेकको प्रयोग गर्लान् ? प्रश्न भने छ । तर, प्रश्न छ भन्दैमा नेतृत्व चयनको बहस छलफललाई छाड्नुपर्छ भन्ने त पक्कै होइन । यसर्थ अब जे-जस्ता व्यक्तिहरु पत्रकार महासंघको शुद्धीकरण पछिका सदस्य बने पनि अब नेतृत्व चयनको विषयलाई गम्भीरतापूर्वक लिनै पर्छ । नेतृत्व र व्यक्तित्वले नै आम पत्रकारको हकहितलाई स्थापित गराउने मान्यता स्थापित गर्न पनि अब महासंघ सदस्यले सचेतता अपनाउन आवश्यक छ । यो कर्तव्य पनि हो ।

**कस्तो व्यक्तिलाई चुन्ने ?**

निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो । यसले सही व्यक्तिलाई सही स्थानमा ल्याउँछ भन्ने मान्यता राख्छ । तर, नेपालको जुनसुकै चुनावले चुनेका पात्रहरुले जनता वा लाभान्वित वर्गको पक्षमा काम गरे भन्ने खासै सुनिदैन । यसको अर्थ हो, दलीय चेतनाबाट गुज्रिएका हामी सही व्यक्ति छान्नेभन्दा पनि राजनीतिक चिन्तनबाटै ग्रसित छौं र त्यस्तै पात्र रोज्छौं । पत्रकार महासंघको इतिहासमा निर्वाचित एकाधबाहेकले पत्रकारको हकहित सुरक्षाका लागि मैदानमै पुगेर आवाज उठाएको विषय विवादित नै होला । यस्तो आखिर किन हुन्छ ? यसको खोजी पनि आवश्यक छ ।

पत्रकार भन्नेबित्तिकै सम्बन्धित विषयको जानकार अर्थात् सूचना प्रवाह गर्ने र सूचनाको भण्डार भएको व्यक्ति हो । यसै त पत्रकारलाई राज्यको चौथो अंग पनि भनिन्छ । यसले पनि पत्रकार जान्ने र सूचनाको भण्डार हो । गलतलाई सही बाटोमा ल्याउन समाचार मार्फत जनतालाई सुसूचित मात्रै गर्दैन, उसले गलत कामको भण्डाफोर गर्छ र सही मार्ग पनि पहिल्याउँछ भन्ने विश्वास गरिन्छ । तर, कहिलेकाहीं 'मिडिया विकम म्याडिया' अर्थात् कहिलेकाहीं मिडिया बौलाउँछ भनेझैं सूचनाको हाइज्याकिङ वा ट्रयापमा पर्छ ।

यसका पछाडिका विभिन्न कारण र उद्देश्य हुन्छन्, त्यो बेग्लै विषय हो । यसलाई सन्तुलित धारबाट हेर्दा पत्रकारिता जिम्मेवार र दायित्वबोधसहित लोकहितका लागि गरिने कर्म नै हो । तर, पत्रकारको आचरण, काम, कर्तव्य, सीमा र दायराबारे छलफल गर्दागर्दै पनि विभिन्न फन्दामा मुछिएको, सूचनाको व्यापार गरेकोलगायतका विषय पनि बाहिर आउँछन् ।

यस्ता विषयलाई अपवाद मान्दै यो पेसालाई मर्यादित बनाउनुको विकल्प छैन । पेसालाई मर्यादित बनाउँदै गर्दा छाता संगठनमा कस्ता व्यक्तिलाई चुन्ने ? कस्ता मान्छे आए पत्रकारको हितको विषयमा काम गर्छन् ? पहिलेका अभ्यासबाट के पाठ सिकियो ? लगायत थुप्रै विषयमा गहन बहस-छलफलको आवश्यकता छ ।

यति धेरै भूमिका बाँध्नुमा यहाँ भन्न खोजिएको विषय के हो भने, दलीय चिन्तन र झन्डाको कसमबाट केही पर पुगेरै भए पनि सही व्यक्तिलाई छनोट गर्नुपर्छ भन्ने हो । यस्तोमा व्यापक बहस, छलफल र उम्मेदवारहरुले सार्वजनिक सुनुवाइजस्ता विषयको आयोजना नै गर्नुपर्छ भन्ने हो । पत्रकार महासंघको काम, कर्तव्य र अधिकारको बारेमा ज्ञान नै नभएका, मौखिक पत्रकार (कुनै पनि मिडियामा आबद्धता नभएका र भए पनि नामको मात्रै देखिने), बार्गेनिङ पत्रकारदेखि ठेकेदार पत्रकारहरुको बिगबिगी चलेको बेला आजको युग सुहाउँदो पत्रकारिताका लागि योग्य, सक्षम र निष्कलंक पात्रलाई चयन गर्नतर्फ ध्यान केन्द्रित गर्नुपर्नेछ ।

**उम्मेदवारबारे छलफल किन ?**

पत्रकार महासंघको निर्वाचनको पूर्वसन्ध्यामा दलबाट टिकट लिने र उम्मेदवार बनेपछि मतदान गर्ने परम्पराकै कारण पत्रकार महासंघ कोमामा छ भन्दा पनि फरक पर्दैन । पत्रकार महासंघ पत्रकारको पीडामा ढिला गरी सानो आवाजमा बोल्छ । सानो आवाजमा बोल्दै गर्दा दलीय टेको पायो भने थप चर्किन्छ । नभए दलीय निर्देशनमै बोली फिर्ता लिन्छ । यस्तो महासंघ अब चाहिएको छैन, काम पनि छैन ।

सञ्चारमाध्यममा देखिएको संकट, पेसाबाट जबरजस्ती निकालिने त्रास, न्यूनतम सेवा-सुविधा पनि नदिई काम लगाउने, साहुको पक्षमा काम नगरे हतोत्साहित गर्ने, सूचनामा व्यापार गर्ने, मालिकको पैरवी गरिरहनुपर्ने, मिडिया कन्टेन्टमा समेत साहुको दबदबा रहने स्थिति अन्त्य गर्दै पत्रकारितालाई जिम्मेवार बनाउन अब पात्र छनोटमा ध्यान दिनै पर्नेछ ।

अबको पत्रकार महासंघ श्रमजीविका मुद्दालाई प्राथमिकता दिने योजनासहितको हुनुपर्छ । सम्भवत: आगामी चुनावमा पनि दल निकटका भ्रातृ संगठनहरु चुनावी तालमेल गरेर आउनेछन् । उनीहरुले चर्कोरुपमा लोकतन्त्र, पत्रकारिताको मर्यादा र राज्यशक्तिसँगको पहुँचलाई गौरवपूर्ण ढंगले पेस गर्नेछन् ।

यस्ता प्रवृत्तिलाई परास्त गर्न पनि अब महिनौंसम्म तलब नपाउँदा पनि पेसाप्रतिको इमानदारिता कायम राख्दै एक छाक खाएर बचाएको इमानलाई अब श्रमजीवीको पक्षमा लड्ने यात्रा खोज्नमा ध्यान केन्द्रित गरौं । उम्मेदवार पनि योजनासहित आउने प्रयत्न गरुन् । यसको खुला छलफल र बहस आजैदेखि नथाले श्रमजीवी मर्नेछन् । श्रमजीवी मरे पत्रकारिताको मर्यादा मर्नेछ । पत्रकारिताको मर्यादा मरेमा लोकतन्त्र थप मूर्च्छित बन्नेछ । लोकतन्त्र नरहे, केही रहनेछैन ।

सधैं जनतालाई जागा राख्न सूचना सम्प्रेषण गर्ने पत्रकारलाई कसले भन्दिने कि सही पात्र छानिएन भने बिहान उठ्दा जागिर चेट परेको हुन्छ तर, अन्यायको पैरवी गर्ने महासंघ कोमामा छ भनेर । मालिकको ज्यादती अनेक बहानामा भोग्नुपर्छ भनेर ? यसर्थ अब खुला बहस गरौं ।

महासंघको नेतृत्व कस्ता पात्रलाई सुम्पिदा पत्रकारहरु पेसामा निर्भिक काम गर्दै पत्रकारिताको मर्यादा कायम राख्न सक्छन् भन्ने । समय घर्किएपछि टोकेको जिब्रो दुख्नेबाहेक केही हुन्न । सूचना दिनेले आफैं सुसूचित हुने प्रयत्न पनि गर्नुपर्छ ।

*(साभार: नेपाल समाचारपत्र)*

# विश्वव्यापी किसान विद्रोहबाट नेपालले सिक्नुपर्ने पाठहरू



✍ डा. रामहरि पौड्याल

युरोपको जर्मनीस्थित बर्लिनबाट सुरु भएको किसानको विद्रोह क्रमश: फ्रान्स, बेल्जियम, नेदरल्यान्ड्स, पोल्याण्ड, स्पेन, इटाली र ग्रीस लगायत देशमा हप्ता दिनदेखि प्रदर्शन भइरहेका छन् । यो विद्रोह युरोपबाट भारत हुँदै नेपालसम्म आइपुगेको संकेत प्रधानमन्त्रीको गृह जिल्ला चितवनका दुग्ध किसानहरूले बाटोमा दूध पोखेर सुरु गरेका छन् । किसानले दूध बिक्री गरेको ६ अर्बभन्दा धेरै रकम पाएका छैनन्रु । जसमध्ये सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी) ले तिर्नुपर्ने मात्रै दुई अर्बभन्दा बढी रहेको राष्ट्रिय दुग्ध किसान सहकारी संघ लिमिटेडले जनाएको छ ।

सरकारी र अधिकांश निजी डेरी उद्योगले गत असोजदेखि किसानलाई दूधको पैसा दिएका छैनन्रु । जिल्ला दुग्ध सहकारी संघहरूका अनुसार २१ जिल्लाका दुग्ध किसानले ३ अर्ब ५ करोड ९५ लाख रुपैयाँ बक्यौता पाउन आवश्यक छ । सबैभन्दा बढी पूर्वी नवलपरासीका किसानले ६० करोड र सबैभन्दा कम सुर्खेतका किसानले ८० लाख बक्यौता लिन बाँकी छ ।

त्यसो त यस्तो विद्रोह चितवनमा गत साल नारायणगढ शहरको बीचमा तरकारी फालेर गरिएको थियो । कहिले टिप्न ठिक्क पारिएको बन्दागोभी ट्र्याक्टरले जोतेर विरोध गर्ने गर्छन् चितवनवासीले ।

किसानहरूले बर्लिनको केन्द्र मानिने ब्रान्डनबर्ग गेटमा योजनाबद्ध कटौतीको विरोध गरे । 'तपाईंको राजनीति किसानहरू विरुद्धको युद्धको घोषणा हो' र यो अति अति भयो (टु मच इज टु मच) अब सकियो !' लेखिएका प्लेकार्डहरू बोकेर किसानहरूले सरकारलाई ललकारी रहे । विरोध गरिरहे । सन् २०२४ मा मितव्ययिता अपनाउने जर्मन सरकारको उपायहरूको एक भागको रूपमा कृषि सवारी साधनहरूको लागि डिजल अनुदान र कर छुट कटौती गर्ने योजनाको विरुद्ध सयौं जर्मन किसान र उनीहरूका ट्र्याक्टरहरू मध्य बर्लिनमा तेर्स्याइयो ।

हालसालै एक संवैधानिक अदालतको निर्णयपछि ६० बिलियन यूरो छुट्याइएको ऋण रद्द गरेपछि, संघीय सरकारले किसानहरूको लागि अनुदानमा वार्षिक ९०० मिलियन यूरो (९८३.३४ मिलियन डलर) बचत गर्ने योजना घोषणा गर्‍यो । यो सरकारी नीतिका विरुद्ध जर्मन किसानहरू आगो भएर सडकमा उत्रिएका हुन् । युरोपका किसानहरू बढ्दो लागत र कर, रातो टेप, अत्यधिक वातावरणीय नियम र सस्तो खाद्यान्न आयातबाट प्रतिस्पर्धाको सामना गरिरहेको भन्दै युरोपियन युनियनभर विरोध प्रदर्शन गरिरहेका छन् ।

पूर्वी युरोपमा भएका प्रदर्शनहरूले किसानले युक्रेनबाट ठूलो मात्रामा आयात हुने अनुचित प्रतिस्पर्धा भनेको कुरामा केन्द्रित छ, जसको लागि युरोपियन युनियनले रूसको आक्रमण पछि कोटा र शुल्कहरू माफ गरेको छ । पोल्यान्डका किसानहरूले युक्रेनसँगको सिमानामा यातायात अवरुद्ध गर्दै आएका छन्, जसलाई किभले आफ्नो रक्षा क्षमतामा असर गरिरहेको र रूसको उद्देश्यलाई मद्दत गरिरहेको छ । यसैबीच, चेक किसानहरूले आफ्नो ट्र्याक्टरहरू डाउनटाउन प्रागमा चलाएका छन्, कृषि मन्त्रालय बाहिरको यातायातमा बाधा पुर्‍याएका छन् ।

किसानहरूले कृषि आयातमा असन्तुष्टि जनाएका छन् किनभने त्यस्ता सस्ता आयातले युरोपेली किसानको उत्पादन मूल्यहरूमा ठूलो प्रभाव पार्दछ । अर्कातिर युरोपियन किसानहरूमा लागू गरिएको वातावरणीय मापदण्डहरूले किसानहरूलाई झन् समस्यामा पारेको देखिन्छ । युरोपियन युनियन र दक्षिण अमेरिकी ब्लक मर्कोसुर बीचको व्यापार सम्झौतालाई निष्कर्षमा पुर्‍याउन नवीकरण गरिएको वार्ताले पनि चिनी, अन्न र मासुमा अनुचित प्रतिस्पर्धाको बारेमा असन्तुष्टि फैलाएको छ ।

माथिको तालिकामा कृषि अनुदान दिने राष्ट्रहरूको सूची देखाइएको छ । नर्वे स्विट्जर ल्याण्ड र जापान तालिकाको माथि छन् भने चिली, अस्ट्रेलिया र न्यूजिल्याण्ड तालिकाको फुछारमा रहेका छन् ।

**नियम र कर्मचारीतन्त्र**

युरोपियन युनियनका किसानहरू अत्यधिक नियमनको कारण समस्या भएको बताउँछन् । भर्खरै लागू भएको नयाँ अनुदान नियमहरू हुन्, जस्तै कि ४ प्रतिशत खेतीयोग्य जमिन छोड्नुपर्ने आवश्यकता । पारम्परिक खेतीलाई रोटेसन गर्नुपर्ने बाध्यतालाई किसानहरूले झन्झटिलो ठानेका छन् । कृषि कार्यमा प्रयुक्त कार्बन इमिसन कम गर्ने, क्लाइमेट चेन्जसँग जुध्न नयाँ नियम बाध्यकारी ठानिएको युरोपमा किसानहरू विद्रोही बनेका छन् । त्यो विद्रोह यतिखेर युरोपका सडकहरूमा किसानहरूले आफ्ना ठूला-ठूला ट्र्याक्टर र ट्रेलरहरू तेर्स्याएका मात्र छैनन् टायर बालेर सडक अबरुद्ध गरेर किसानहरूलाई सम्मान गर्न र कृषि कर्मलाई न्याय गर्न माग पनि गरिरहेका छन् ।

स्पेनमा, किसानहरूले ब्रसेल्समा बनाइएको 'निसासिंदो नोकरशाही' किसान नीतिको बारेमा गुनासो गरेका छन् जसले बालीहरूको नाफा घटाउँछ । उता ग्रीसमा, किसानले २०२३ मा भएको बाढीमा नासिएको बालीको क्षति र पशुधनको लागि उच्च अनुदान र छिटो क्षतिपूर्तिको माग गरेका छन् ।

**बढ्दो डिजल इन्धन लागत**

जर्मनी र फ्रान्समा, ईयूका सबैभन्दा ठूलो कृषि उत्पादक, किसानहरूले कृषि डिजलमा अनुदान वा कर छुट अन्त्य गर्ने योजनाको विरुद्धमा विरोध गरेका छन् । ग्रीसका किसानले डिजलमा लगाइएको कर कम गर्न अनुरोध गरेका छन् । रोमानियामा, मध्य जनवरीमा प्रदर्शनहरू मुख्यतया डिजलको उच्च मूल्यको विरुद्ध भएका थिए । फ्रान्समा, धेरै उत्पादकले खाद्य मुद्रास्फीतिलाई कम गर्न सरकारी अभियानले उनीहरूलाई ऊर्जा, मल र यातायातको उच्च लागतहरू पूरा गर्न असमर्थ भएको बताएका छन् ।

**भोक हटस्पटहरू**

नोभेम्बर २०२३ देखि अप्रिल २०२४ को अवधिमा, खाद्य र संयुक्त राष्ट्रसंघको कृषि संगठन र विश्व खाद्य कार्यक्रमले प्रारम्भिक चेतावनी जारी गरेको छ । जस अनुसार विश्वका १८ भोक हटस्पटहरू, २ क्षेत्रीय क्लस्टर सहित कुल २२ देश वा क्षेत्रहरूमा तत्काल मानवीय कार्य सुरु गर्नुपर्ने जनाएका छन् । ती क्षेत्रमा तीव्र खाद्य असुरक्षाको पहिले नै उच्चस्तरको गिरावट देखिएकाले उनीहरूको जीविकोपार्जन जोखिममा देखिन्छ ।

यस्ता भोक हटस्पटहरू, जनसंख्याको भागहरूले सम्भवत: महत्त्वपूर्ण खाद्य असुरक्षाको सामना गर्नेछन् । सबै १८ भोक हटस्पटहरूमा जीविकोपार्जन र जीवन बचाउन लक्षित मानवीय कार्य तत्काल आवश्यक छ । भोक र मृत्यु रोक्नको लागि बुर्किना फासो र मालीमा, प्यालेस्टाइन, दक्षिण सुडान र सुडानमा महत्वपूर्ण मानवीय कार्य भइरहेको छ ।

२०२४ को प्रारम्भमा कृषि बजार सूचना प्रणाली बजार मनिटरका अनुसार, विश्वव्यापी कमोडिटी बजारले सापेक्ष स्थिरता कायम राखेको छ । गहुँ, मकै र भटमासको निर्यात मूल्य दुई वर्षयताकै न्यून विन्दुमा पुगेको छ, यद्यपि चामलको मूल्य उत्पादन कमी र भार तले लगाएको निर्यात प्रतिबन्धका कारण एक वर्ष अघिको तुलनामा झन्डै एकतिहाइ बढी भएको मानिन्छ ।

**सरकारहरू के गर्दैछन् ?**

युरोपेली आयोगले गत महिनाको अन्त्यमा सबैभन्दा संवेदनशील उत्पादनहरू जस्तै कुखुरा, अण्डा र चिनीका लागि 'आपतकालीन ब्रेक' को परिचय दिएर युक्रेनबाट कृषि आयात सीमित गर्न प्रस्ताव गरेको थियो तर उत्पादकहरूले भने मात्रा अझै धेरै हुने बताएका छन् । आयोगले २०२४ का लागि ईयू किसानहरूलाई ईयू खेती समर्थन भुक्तानीहरू प्राप्त गर्दा उनीहरूको केही जमिन बाँझो राख्नको लागि आवश्यकताबाट छुट दिएको छ, तर तिनीहरूले यो अनुदान लिनका लागि कीटनाशक औषधिको प्रयोग नगरी बाली उब्जाउनुपर्नेछ । अर्गानिक खेतीलाई प्रोत्साहित गर्दै खाद्यान्नमा हुने रासायनिक मात्रालाई नियमन गर्नुपर्ने जनस्वास्थ्यको, कार्बन उत्सर्जनको र नवीकरणीय ऊर्जाको प्रयोग यतिखेर चुनौतीको विषय भएको छ संसारभरि ।

फ्रान्सेली युवा प्रधानमन्त्री गेब्रियल एटलले आयातित खाद्य पदार्थहरूमा फ्रान्स वा ईयूमा प्रतिबन्धित कीटनाशकहरूको परीक्षण नभएको र किसानहरूलाई उच्च मूल्य प्राप्त गर्न र कर्मचारीतन्त्र र नियमनलाई कसरी सरल बनाउन सकिन्छ भन्ने उपायहरू र खाद्य नियन्त्रणका लागि सुगम तरिकाहरूको घोषणा गरेका छन् । पेरिस र बर्लिन दुवै दबाबमा नरम भएका छन् र कृषि डिजलमा अनुदान वा कर छुटहरू अन्त्य गर्ने योजनाहरूमा पछाडि फर्केका छन् ।

रोमानियामा, सरकारले डिजल अनुदान बढाउन, बीमा दरहरू सम्बोधन गर्न र अनुदान भुक्तानीलाई छिटो बनाउन कार्य गरेको छ । पोर्चुगलमा कार्यवाहक सरकारले लामो समयदेखि चलिरहेको खडेरीको प्रभावलाई कम गर्न २० करोड युरो सहित ५० करोड युरोको आपतकालीन सहायता प्याकेज घोषणा गरेको छ ।

दु:खको कुरा नेपालका सरकारहरूको प्राथमिकता किसानहरू होइनन् झापाका धानबारीमा १८ तले भ्युटावर, चितवनमा भएको कृषि विश्वविद्यालयलाई लखेटेर विद्यार्थीहरूले कृषि अनुसन्धानमा लगाइएको जग्गामा क्रिकेट रंगशाला बनाउनेदेखि पवित्र नारायणी किनारमा सी बीच मोडेलको कंक्रिट साम्राज्य खडा गर्नुमा छ ।

माथिको तालिकामा कृषि नीतिका असर, नीतिका साधन र तिनलाई मापन गर्ने इन्डिकेटरहरूलाई कसरी कृषिको विकास र अनुसन्धानमा लगाउने, कृषकलाई कसरी सहुलियत प्रदान गर्दै कृषिलाई एउटा मर्यादित व्यवसायमा रूपान्तरण गर्ने भन्ने कुरालाई प्रष्ट्याइएको छ ।

*(साभार: अनलाइनखबर)*

# मन्त्रालयहरुले खुद्रे आयोजनामा बजेट राख्न नपाउने, न्यूनतम सीमा ३ करोड

काठमाडौं/आगामी आर्थिक वर्ष (आव) २०८१/८२ को बजेट निर्माणको क्रम सुरू भएको छ । सरकारले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संसदमा प्रस्तुत गरेको छ । त्यसको ठिक अगाडि अघिल्लो महिना आयोजना वर्गीकरणको आधार र मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएको सरकारले मन्त्रालयहरुलाई अब खुद्रे आयोजनामा बजेट नदिने भएको छ ।

राष्ट्रिय योजना आयोगले आगामी तीन वर्ष (आव २०८३/८४) को बजेट तर्जुमाको बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र ढाँचा २०८० जारी गर्दै बजेट बनाउँदा उक्त मापदण्ड अनुसार गर्न सूचित गरेको छ । उक्त मापदण्डको दफा ६ मा एकल अधिकारको विषय र पूर्वाधार आयोजनाको हकमा तीन करोड रुपैयाँ भन्दा कम लागतका नयाँ आयोजना अब संघबाट कार्यान्वयन नगरिने उल्लेख छ ।



समावेश गर्नुपर्ने विषयवस्तु

आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ६ अनुसार एकल अधिकारको विषय र पूर्वाधार आयोजनाको हकमा तीन करोड रुपैयाँ भन्दा कम लागतका नयाँ आयोजना सङ्घबाट कार्यान्वयन नगरिने।
उक्त मापदण्डको दफा ७ अनुसार चालु वर्षमा कार्यान्वयनमा रहेका क्रमागत आयोजना आगामी आर्थिक वर्षबाट यसै मापदण्ड बमोजिम जुन तहको कार्यक्षेत्रभित्र पर्दछ सोही तहबाट कार्यान्वयन हुनेगरी हस्तान्तरण गर्न सकिने।त्यस्ता आयोजनाको हाल कार्यान्वयन भएको तहबाट बहुवर्षीय ठेक्का भई दायित्व सिर्जना भएको भए त्यस्तो दायित्व आयोजना हस्तान्तरण गर्ने तहले व्यहोर्नुपर्ने। तीन करोड रुपैयाँ वा सो भन्दा बढी लागतका पूर्वाधार वा अन्य आयोजना सङ्घले तर्जुमा गरी कार्यान्वयनका लागि प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्न सक्ने। प्राविधिक रूपले जटिल एवम् नविनत्तम प्रविधिको प्रयोग गर्नुपर्ने र प्रदेश वा स्थानीय तहको क्षमताले नधान्ने आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहको समन्वयमा सङ्घले तर्जुमा गरी सञ्चालनका लागि सम्बन्धित प्रदेश वा स्थानीय तहलाई हस्तान्तरण गर्न सक्ने।विकास साझेदारसँग सम्झौता भई कार्यान्वयन भएका आयोजना हाल

यसअघि शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सो मापदण्डको पालना गर्दै ३ करोडभन्दा साना आयोजना प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने बताएका थिए ।

शनिबार लुम्बिनी प्रदेश सभाको बैठकलाई सम्बोधन गरेका उनले आर्थिक अधिकार प्रदेशलाई दिन नचाहने र दिइहाले पनि सशर्त अनुदानका नाममा केन्द्रबाटै योजना र बजेट तोकेर पठाउने विगतको परिपाटी बदल्ने बताएका थिए ।

जनतामा रहेको निरासा तोड्न र संघीयता बलियो बनाउन प्रदेशले स्थानीय तह र संघलाई जोड्ने सेतुका रुपमा काम गर्नुपर्ने उनको भनाइ थियो ।

राष्ट्रिय योजना आयोगका सदस्य रामकुमार फुयाँल आयोजना वर्गीकरणको नयाँ मापदण्डले तीन वटा तहका सरकारबाट सञ्चालन हुने आयोजनाको दोहोरोपन हटाउने बताउँछन् । यसले आयोजना कार्यान्वयन प्रभावकारी भई प्रतिफल प्राप्ति हुने विश्वास समेत लिइएको छ ।

मापदण्डको दफा ७ अनुसार चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका क्रमगत आयोजना आगामी आर्थिक वर्ष २०८१/८२ देखि सोही मापदण्ड बमोजिम जुन तहको कार्यक्षेत्रमा पर्छ, सोही तहबाट कार्यान्वयन हुने गरी हस्तान्तरण गर्नुपर्ने समेत आयोगको मार्गदर्शनमा उल्लेख छ । प्रधानमन्त्री प्रचण्डको अभिव्यक्तिसमेत सोही मापदण्डसँग मेल खान्छ । यससँगै अब मन्त्रालयहरुले ३ करोडभन्दा कम लागतका सबै आयोजना तल्लो सरकारमा हस्तान्तरण गर्नुपर्ने भएको छ ।

कार्यान्वयनमा रहेका खुद्रे आयोजनाको हाल कार्यान्वयन भएको तहबाट बहुवर्षीय ठेक्का भई दायित्व सिर्जना भएको भए त्यस्ता आयोजनाको दायित्व हस्तान्तरण गर्ने तह अर्थात संघले बेहोर्नु पर्ने भएको छ । ३ करोड वा सोभन्दा बढीका आयोजना समेत संघले कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्न सक्ने भएका छन् ।

तर, न्यूनतम सीमा ३ करोड तोकेर सो भन्दा कमका सबै आयोजना हस्तान्तरण गर्ने र नयाँ आयोजना संघीय सरकारले सिर्जना नगर्ने गरी मन्त्रालयहरुलाई बन्देज लगाइएको हो । यसअघि मन्त्री र सचिवहरुले कार्यकर्ता रिझाउन अधिक साना आयोजनामा बजेट राख्दा बजेटको दोहन भए पनि खर्च प्रभावकारी हुन नसकेको भन्दै आलोचना भइरहेको छ । आलोचनाका बीच पनि संघीय मन्त्रालयहरुले खुद्रे आयोजना राख्न छाडेका भने छैनन् ।

मापदण्ड र मार्गदर्शन अनुसार प्राविधिक रुपले कठिन, जटिल र नवीनतम प्रविधिको प्रयोग गर्दा प्रदेश र स्थानीय तहको क्षमताले नधान्ने देखिएमा भने सम्बिन्धत तहका सरकारको समन्वयमा संघले आयोजना तर्जुमा गरी सञ्चालनका लागि प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्न सक्ने छ ।

विकास साझेदारसँगको साझेदारीमा सञ्चालित आयोजना समेत न्यूनतम ३ करोडको सीमाभन्दा कम भएमा अब प्रदेश र स्थानीय तहमा पठाउनु पर्ने भएको छ ।

आगामी आर्थिक वर्षदेखि संघीय सरकारका १० करोड रुपैयाँसम्मका आयोजनालाई साना आयोजनामा वर्गीकरण गरिने भएको छ । ५० करोड रुपैयाँसम्मका आयोजनालाई मझौला आयोजनामा वर्गिकरण गरिनेछ । त्यसभन्दा माथिको लागतका आयोजना भने अब ठूला आयोजना मानिनेछन् ।

साना र मझौला आयोजना बढीमा तीन वर्ष र ठूला आयोजना बढीमा ६ वर्ष भित्र सकिसक्नु पर्ने गरी मापदण्डले सीमा तोकेको छ । आयोगको मार्गदर्शनले समेत सोही सीमालाई कार्यान्वयन गर्न भनेको छ । साझा अधिकार भित्रका ५० करोड भन्दा माथिका आयोजना भने संघबाटै कार्यान्वयन हुने भएका छन् ।

सरकारले जथाभावी राष्ट्रिय गौरवका आयोजना घोषणा गर्ने प्रवृत्तिमा अंकुश लगाएको छ । आयोजना वर्गीकरणको आधार तथा मापदण्ड २०८० ले न्यूनतम लागत ५० अर्ब तोक्दै सोभन्दा ठूला आयोजनालाई मात्र राष्ट्रिय गौरवका आयोजनामा सूचिकृत गर्न सकिने गरी तोकेको हो । यो सर्त आगामी आवदेखि कार्यान्वयनमा आउने भएको छ ।

आयोगले अघिल्लो साता मन्त्रालयहरुलाई उपलब्ध गराएको मार्गदर्शनमा भनिएको छ, 'नेपाल सरकारले लागत रकम कम्तिमा १० अर्ब रुपैयाँ र ५० अर्ब रुपैयाँ भएका आयोजनालाई तोकिएका अन्य आधार सहित राष्ट्रिय योजना आयोगको सिफारिसमा क्रमश: रुपान्तरणकारी आयोजना र राष्ट्रिय गौरवका आयोजना घोषणा गर्न सक्नेछ ।'

रुपान्तरणकारी आयोजना ६ वर्ष र गौरवका आयोजना १० वर्षभित्र सक्नु पर्ने गरी सीमा तोकिएको छ । बजेट बनाउँदा स्वीकृत भएको लामो समयसम्म कार्यान्वयनमा जान नसकेका आयोजना भने मन्त्रालयहरुले खारेज गर्नु पर्ने भएको छ ।

लामो समयदेखि स्वीकृत भई काम सुरू नभएका, निरन्तर रुपमा ज्यादै न्यून बजेट विनियोजन भई लामो समयदेखि बजेटमा राखिएको, सम्भाव्यता अध्ययन नै नगरी न्यून बजेट राखी सुरू मात्र गरिएका कार्यक्रम तथा आयोनजालाई पुन: प्राथमिकीकरण गर्ने र औचित्यताको आधारमा सञ्चालन वा बन्द गर्ने निर्णय गर्ने अधिकार मन्त्रालयहरुले पाएका छन् ।

आगामी बजेटमा प्रदेशबाट कार्यान्वयन हुने बजेटको सीमा १ करोड रुपैयाँ रहेको छ । सो भन्दा साना आयोजना स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने भएको छ । नयाँ आयोजना प्रस्ताव गर्न समेत सो सीमाभन्दा माथिका आयोजना मात्र प्रस्ताव गर्नुपर्ने भएको छ । स्थानीय तहको हकमा साझा अधिकार क्षेत्र भित्रका १५ करोड सम्मका आयोजना कार्यान्वयन गर्न सक्ने अधिकार स्थानीय तहलाई छ । जुन महानगरपालिकालाई दिइएको छ । (स्रोत: अनलाइनखबर)

# चौतर्फी विरोधपछि सेन्सर बोर्डले 'रङ्गेली'लाई दियो प्रमाणपत्र



काठमाडौं/फिल्म 'रङ्गेली'को शीर्षकमा आपत्ति जनाउँदै केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)ले प्रमाणपत्र दिन अस्वीकार गरेको थियो । पूर्वको रङ्गेली सहर को नाममा फिल्म बनेको र त्यहीँ छायांकन भएकाले स्थानिय निकायको स्वीकृति पत्र ल्याएपछि मात्र प्रदर्शनको अनुमति (प्रमाणपत्र) दिने बोर्डको अडान थियो । तर, यो विषयमा चौतर्फी विरोध भएपछि सेन्सर बोर्ड घुँडा टेक्न बाध्य भएको छ ।

आइतबार बिहान बोर्डले नै निर्मातालाई बोलाएर प्रमाणपत्र प्रदान गरेको छ । निर्देशक अर्जुन सुवेदीले स्थानीय निकायको स्वीकृति पत्र बिनै प्रमाणपत्र पाएको जानकारी दिए । फिल्मले पीजी सर्टिफिकेट (प्यारेन्टल गाइडेन्स) प्राप्त गरेको छ । अर्थात् फिल्मलाई १६ वर्षभन्दा मुनिका दर्शकले अभिभावकको साथमा हेर्नुपर्नेछ । प्रमाणपत्र पाएसँगै अब 'रङ्गेली'लाई प्रदर्शनको बाटो खुलेको छ ।

बोर्डले फिल्मको नामका कारण प्रमाणपत्र दिन अस्वीकार गरेपछि फिल्मकर्मीहरुले सामाजिक सञ्जालमार्फत् बोर्डको विरोध गरेका थिए । अभिनेता दीपकराज गिरीले सेन्सर बोर्डलाई 'सेन्सलेस' भन्दै कटाक्ष गरेका थिए भने निर्देशक दीपेन्द्र के. खनालले बोर्डलाई 'श्रद्धाञ्जली' समेत दिएका थिए । फिल्मकर्मीहरुको चर्को विरोधपछि सेन्सर बोर्डले 'रङ्गेली'लाई सहज रुपमै प्रमाणपत्र दिएको हो ।

निर्देशक सुवेदी स्वयंको लेखन रहेको फिल्ममा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा आदिको अभिनय छ । फिल्मका कार्यकारी निर्माताहरु जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा तथा निर्माताहरु संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन् भने सह-निर्माताहरु युवक कार्की र शिव शङ्कर चौलागाईं हुन् । फिल्मका छायाँकार सुशन प्रजापति हुन् ।

# दुई दिन कस्तो चल्यो 'अगस्त्य' ?



काठमाडौं/टिजर र ट्रेलरबाटै ठूलो 'हाइप' बनाएको फिल्म 'अगस्त्य'ले इनिसियल व्यापार कस्तो गऱ्यो भन्ने चासो धेरैमा हुनसक्छ । देशभर गरि करिब डेढ सय शोज पाएको फिल्मले अपेक्षाकृत ओपनिङ गर्न चुकेको छ । पहिलो दिन फिल्मको देशभर ३० प्रतिशत हाराहारी अकुपेन्सी देखिएको थियो । शनिबारको विदामा भने फिल्मको अकुपेन्सी ६० प्रतिशतमाथि थियो । जसलाई सुखद् मान्न सकिन्छ ।

आइतबारबाट फिल्मको व्यापार 'वर्ड अफ माउथ'मा निर्भर रहनेछ । अर्थात् अबको दिन फिल्मका लागि महत्त्वपूर्ण छ । दर्शकबाट फिल्मलाई मिश्रित प्रतिक्रिया मिलेको छ । मध्यान्तर अगाडिको भाग सुस्त रहेको भन्दै आलोचना भइरहेको छ भने दोस्रो पार्टलाई तुलनात्मक रुपमा रुचाइएको छ । फिल्मको मेकिङ, द्वन्द्व, क्लाइमेक्सको सस्पेन्स र कलाकारको अभिनयको प्रशंसा भएको छ ।

शनिबार फिल्मका प्रमुख कलाकारहरु सौगात मल्ल, नाजिर हुसेन र मलिका महतले काठमाडौंका केही हलहरुमा पुगेर दर्शकसँग भेट्दै प्रतिक्रिया बुझेका थिए । त्यहाँ अधिकांश दर्शकबाट उनीहरुको कामको तारिफ भएको थियो । कतिले अब सिक्वेलको पखाई रहने प्रतिक्रिया समेत जनाएका थिए । आफूहरुले गरेको कामको दर्शकबाट राम्रो मुल्यांकन भएकोमा सौगातले खुसी व्यक्त गरे ।

उनलाई फिल्म हेरेपछि आफ्नो क्यारेक्टरमा अझै केही गर्न सकिन्थ्यो भन्ने महसुस भएको छ । 'फिल्म हेरेपछि आफ्नो क्यारेक्टरमा अझै गर्न पाए हुन्थ्यो जस्तो लाग्छ । तर अब त्यो हातमा फुतिकसक्यो,' उनी भन्छन्, 'फिल्म हेर्दा आफ्नो एकपछि अर्को गल्ती देखिँदै जाने रैछ । त्यो गल्तीका बावजूद दर्शकले राम्रो प्रतिक्रिया दिँदा ज्यादै खुसी छु ।' फिल्मलाई सौरभ चौधरीले निर्देशन गरेका हुन् ।

# 'साहो' भिलेन कनिज '१२ गाउँ'मा विराजसँग भिड्ने

काठमाडौं/अभिनेता विराज भट्टले आफ्नो निर्देशन रहने आगामी फिल्म '१२ गाउँ'मा कलाकारको 'लाइनअप' बलियो बनाएका छन् ।

फिल्ममा उनी स्वयं मुख्य भूमिकामा प्रस्तुत हुँदैछन् भने आफ्नो छोरा समीर भट्टलाई अभिनेताको रुपमा डेब्यू गराउँदैछन् । फिल्मको मुख्य अभिनेत्रीमा सन् २०२२ की मिस नेपाल इन्टरनेशनल न्यान्सी खड्का देखिँदैछिन् । अब भिलेनमा कनिज कोइराला भित्रिएका छन् ।

कनिजले दक्षिण भारतीय 'साहो' र 'गोडाचरी' फिल्ममा भिलेन भएर काम गरिसकेका छन् । विराजसँग भोजपुरी फिल्म 'वध'मा पनि उनले काम गरेका थिए । '१२ गाउँ' उनको दोस्रो नेपाली फिल्म हो । यसअघि उनले फिल्म 'आँधी तुफान २'मा काम गरेका थिए । कनिज आफ्नो भूमिका सशक्त भएकाले '१२ गाउँ'मा काम गर्न लागेको बताएका छन् । फिल्ममा विराजसँग उनको भिडन्त हुनेछ ।

आगामी चैतबाट छायांकन सुरु हुन लागेको फिल्म ठूलो बजेटमा तयार हुने जनाइएको छ । फिल्ममा सन्तोष सरकारको कथा तथा पटकथा छ ।

सन् २०२४ मा रिलिजको लक्ष्य राखिएको '१२ गाउँ'मा नेपाली फिल्मको इतिहासमै उच्च स्तरीय एक्सन हुने विराजको दाबी छ । उनले २०७६ सालमा प्रदर्शन भएको एक्सन फिल्म 'साङ्लो'बाट निर्देशनमा डेब्यू र अभिनयमा कमब्याक गरेका थिए ।

# 'ईश्वर'बाट ५ वर्षपछि अनुको कमब्याक

काठमाडौं/अभिनेत्री अनु शाह फिल्ममा नदेखिएको ५ वर्ष भइसकेको छ । उनको पछिल्लो फिल्म 'पसिना' सन् २०१९ मा रिलिज भएको थियो । यसपछि उनले फिल्ममा काम गरेकी थिइनन् । लगातार फिल्मको असफलताले पनि उनी हच्किएकी थिइन् । र, उनलाई फिल्म अफर पनि कम भएको थियो । यद्यपि, यो बीचमा उनी अभिनेता सविन श्रेष्ठसँगको प्रेम सम्बन्धका कारण अक्सर चर्चामा थिइन् ।

अब भने अनुले फिल्म 'ईश्वर'बाट कमब्याक गरेकी छन् । यसमा उनको जोडी 'मंगलम' अभिनेता पृथ्वीराज प्रसाईसँग बाँधिएको छ । पृथ्वीको पनि यो कमब्याक फिल्म हो । उनको पछिल्लो रिलिज फिल्म 'डोली' थियो । 'ईश्वर'को यसै साता छायांकन सकिएको छ । कास्की जिल्लाको पर्यटकीय क्षेत्र पोखरा र हेम्जाकोटमा २७ दिन छायांकन भएको फिल्मलाई राजु गिरीले निर्देशन गरेका हुन् ।

फिल्ममा अनु र पृथ्वीसँगै सुनिल थापा, सबिन बास्तोला, माओत्से गुरुङ, रविन्द्र झा, बुद्धि लामा, शिशिर वाङ्देल, ुव थापा, कृष्टि गुरुङ, गीता अधिकारीलगायतको पनि अभिनय छ । लक्ष्मी कुँवर थापाको प्रस्तुतिमा निर्माण भएको फिल्मको पटकथा तथा संवाद लेखन भोजराज देवकोटाको हो । रामेश्वर हुँमागाईको छायांकन रहेको फिल्मको निर्मातामा हरिबहादुर थापा र शंकर गिरी छन् ।

# यसवर्षको महाशिवरात्रिमा २० लाख जना पशुपति आउने अनुमान



काठमाडौं/पशुपति क्षेत्र विकास कोषले यस वर्षको यही फागुन २५ गते शुक्रबार हुने महाशिवरात्रि पर्वलाई व्यवस्थित बनाउन विभिन्न समिति बनाएर तयारी तीव्र बनाएको छ । पशुपति क्षेत्र विकास कोष परिसर, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागसमेतबाट सुरक्षाका जनशक्ति परिचालन गरी महाशिवरात्रि पर्वलाई व्यवस्थित गर्ने तयारी गरिएको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव राजुकुमार खत्रीले जानकारी दिए ।

उनका अनुसार पर्वलाई व्यवस्थित बनाउन भकुण्डोलमा नेपाल प्रहरीको मूल शिविर रहनेछ भने सशस्त्र प्रहरी बलको नेपाल सुरक्षा कमाण्ड पोष्ट पशुपति क्षेत्र नासल चोकमा रहनेछ । मूल शिविरसँगै कमाण्डपोष्टअन्तर्गत सब कमण्ड पोष्ट खडा गरी समग्र पशुपति क्षेत्रको महाशिवरात्रि पर्वमेला त्रुटिर हित सुरक्षा प्रणाली अपनाइनेछ ।

यसैगरी खोजखबर कक्षको व्यवस्थापनसहित मेला क्षेत्र र दर्शनमार्गलाई लक्षित गरी सिसी क्यामेराको जडान गर्ने, दर्शनमार्गमा 'ब्यारिकेड' जडानलगायत कार्यमा र मन्दिरभित्र भीड व्यवस्थापनका लागि नेपाली सेनाको विशेष सहयोग हुने कोषका सदस्य सचिव खत्रीले बताए । 'मन्दिर तथा मुख्य क्षेत्रभित्रमा मन्दिरका भण्डारीलगायत सुरक्षाका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सुरक्षाकर्मी परिचालन हुने तथा मन्दिर परिसरमा स्वयंसेवकका लागि नेपाल स्काउट लगायत चार हजार जना स्वयंसेवक खटिने छन् ।'

पशुपतिनाथ मन्दिर नजिकै मुख्य(कोर) क्षेत्रमा डाक्टर, नर्स, औषधि र शय्यासहितको नेपाली सेनाको मूल स्वास्थ्य शिविर रहनेछ भने सशस्त्र प्रहरी, नेपाल प्रहरी समेतका गरी करिव ५० स्वास्थ्य शिविर रहने पशुपति क्षेत्र विकास कोषले जनाएको छ । आपत्तकालीन अवस्थाका लागि एम्बुलेन्स र आगो नियन्त्रक साधन पनि उपलब्ध हुने जनाइएको छ । यस्तै जुत्ता, चप्पल व्यवस्थापन दर्शन लाइनलाई पायक बनाएर भुवनेश्वरीमा दक्षिणामूर्ति रुद्रगाडेश्वर दर्शनमार्ग, भुवनेश्वरी नजिक शङकराचार्य मठ पछाडि, बज्रघर दक्षिणतर्फ, राममन्दिर नजिक वागमती पारी गरी पाँच ठाउँमा व्यवस्थापन गरिने कोषले जनाएको छ ।

यस्तै चन्दन वितरण दर्शन गरेर निस्किने मुख्य क्षेत्रभित्र, जयवागेश्वरी, ब्रजघर अगाडि दक्षिण ढोका र तिलगङ्गामा समेत रहनेछ । पशुपतिनाथको दर्शनका लागि यसपटक नौ वटा मार्गको व्यवस्था गरिएको सदस्य सचिव खत्रीले बताए । उनका अनुसार उत्तरपट्टी तीन, पूर्वपट्टी दुई, दक्षिणपट्टी दुई तथा पश्चिमपट्टी दुई मार्गको व्यवस्था गरिएको छ ।

यसैगरी पार्किङ तथा ट्राफिक व्यवस्थापनका लागि तिलगङ्गा करिडोरको उपलब्ध ठाउँ, पशुपति क्षेत्र विकास कोषको कार्यालय, प्रहरी वृत्त ट्राफिक प्रहरी विभाग गौशाला, सिफल चौरहाको उपलब्ध ठाउँ, गुह्येश्वरी पारी गरी पाँच स्थानमा व्यवस्थापन गरिएको विकास कोषले जनाएको छ ।

विमानस्थल, गौशाला, चाबहिलको रिङरोडमा यात्रुको चापलाई ध्यानमा राखी सडकको आधा भागमा सार्वजनिक सवारी गुड्न दिने र आवश्यकताअनुसार डाइभर्सनकोसमेत व्यवस्था मिलाइने जनाइएको छ । सडक छेउमा फुटपाथका कुनै पनि पसल राख्न नदिइने कोषले जनाएको छ ।

कोषले मन्दिर परिसरमा मासु, मदिरा तथा कुनै पनि प्रकारका नशालु पदार्थ गाँजा, भाङजस्ता पदार्थको बिक्रीवितरण एवं ओसार पसार र भण्डारण तथा सेवन नगर्न आग्रह गरेको छ । कोषले यस पटकको महाशिवरात्रिमा करिब २० लाख दर्शनार्थीले पशुपतिको दर्शन गर्ने अनुमान गरेको छ ।

पशुपति क्षेत्र विकास कोषले पशुपतिनाथको पूजा आराधनाका लागि पुगेका भक्तजनलाई व्यवस्थापनमा कुनै कमी नराखिको जनाएको छ । पशुपति क्षेत्र विकास कोषले यस वर्ष कसैलाई पनि विशेष पासको व्यवस्था नगरिएको जनाएको छ । बत्तिसपुतली, मैतिदेवी, पुरानो बानेश्वरतर्फबाट आउने दर्शनार्थीका लागि गौशाला-पिङ्गलास्थान गेट हुँदै वनकाली हुँदै दक्षिण ढोकाबाट प्रवेशको व्यवस्था गरिएको छ ।

यसैगरी भक्तपुर, ललितपुर, कोटेश्वर, तिनकुने, विमानस्थल, तिलगङ्गा क्षेत्रबाट दर्शनार्थीका लागि मन्दिरको पूर्वी ढोकाबाट प्रवेशको व्यवस्था गरिएको छ । साथै जोरपाटी, कपन, महाङ्काल, चाबहिल, सिफलतर्फबाट आउने दर्शनार्थीका लागि मन्दिरको उत्तर ढोका तथा रातोपुल, कोलोपुल, चाबहिल, सिफलबाट आउने दर्शनार्थीका लागि मन्दिरको पश्चिमी बाहिरी सानो ढोकाबाट प्रवेश गराइने व्यवस्था मिलाइएको छ । दर्शनार्थीलाई सहजरुपमा र छिटो भगवानको दर्शन गराउन आवश्यक सम्पूर्ण कामको व्यवस्था मिलाइएको सदस्य सचिव खत्रीले बताए ।

# संकटमा सत्ता गठबन्धन, रोकियो परराष्ट्रमन्त्रीको भ्रमण

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्ता गठबन्धनसँगै विपक्षी नेताहरुसँग भेटवार्ता गरेका छन् । आइतबार विहानै प्रमुख प्रतिपक्षी दल नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली बालुवाटार पुगेका थिए । साँझ पार्टी उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेललाई लिएर पुगेका थिए । प्रधानमन्त्री प्रचण्डले आइतबार नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अध्यक्ष रवि लामिछानेसँग पनि भेट गरेका थिए ।

प्रधानमन्त्रीले सत्तारुढ प्रमुख घटक नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग पनि भेट गरेका छन् । नेताहरुले भेटवार्ता संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा केन्द्रित भएको दाबी गरेका छन् । 'टीआरसी विधेयकका विषयमा कुराकानी भएको हो, जुन सकारात्मक छ' माओवादीका एक नेताले भने ।

संसदको कानुन न्याय तथा मानवअधिकार समितिको आइतबार बसेको बैठकमा पनि टीआरसी विधेयकमै छलफल भएको थियो, जसमा एमालेले लचिलो रुपमा प्रस्तुत भयो । कानुनमन्त्री धनराज गुरुङले समय मागेका कारण आइतबार निर्णय हुन सकेन । भोलि सोमबार विहान बैठक बोलाइएको छ ।

यो बैठकले विधेयक अगाडि बढाउनसक्ने नेताहरुले दाबी गरेका छन् । तर प्रधानमन्त्रीले एमाले नेताहरुसँग गरिरहेको भेटवार्ता यत्तिमा मात्र सीमित नभएको नेताहरु बताउँछन् । माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्ड पछिल्ला दिनमा कांग्रेसले निकै गाह्रो बनाएको गुनासो गर्ने गरेका छन् ।

उनको असन्तुष्टि अर्थमन्त्री डा. प्रकाशशरण महतसँग छ । 'अर्थमन्त्रीले केही पनि गर्न दिएनन् भन्ने उहाँको गुनासो छ', स्रोतले भन्यो, 'अर्थमा जो पठाएपनि हुन्छ समेत भन्नु भएको थियो, तर देउवाले महतलाई हटाउन चाहनु भएन ।'

सत्ता गठबन्धनका एक नेताका अनुसार मन्त्रिपरिषद् पुनगर्ठन गर्न कांग्रेसले सहमति दिए गठबन्धनलाई कामय राख्न सकिने उनको संकेत थियो । त्यो संकेत पाएपछि कांग्रेसका केही नेताले अर्थमन्त्रीका लागि लबिइङ पनि थालेका थिए ।

तर कांग्रेस सभापति देउवाले डा. महतलाई निरन्तरता दिने प्रष्ट संकेत गरे ।

त्यसपछि प्रधानमन्त्रीले राजनीतिक भेटवार्ता तीव्र बनाए । उनले आइतबार विहान एमाले अध्यक्ष ओली र रास्वपा सभापति र वि लामिछानेलाई भेटे । साँझ फेरि एमाले र माओवादी नेताहरुको बैठक भएको छ ।

गठबन्धनमै संकट देखेपछि कांग्रेस सभापति देउवा मन्त्री हेरफेरका लागि तयार भएका छन् । कांग्रेस संस्थापन नेताहरुले त्यो सन्देश प्रधानमन्त्री मात्र होइन, सत्ता गठबन्धनका अरु नेताहरुसम्म पुऱ्याएका छन् ।

आइतबार साँझ नै कांग्रेसबाट सरकारमा गएका परराष्ट्रमन्त्री एनपी साउदले फिनल्याण्ड भ्रमण स्थगित गरेका छन् । पूर्व निर्धारित तालिकाअनुसार उनी आइतबार साँझ त्यसतर्फ उड्नुपर्ने थियो । तर अन्तिम समयमा उनले आफ्नो भ्रमण स्थगित गरेका छन् ।

तर कांग्रेस र माओवादी गठबन्धनको संकट टरेको छैन । 'राष्ट्रियसभा अध्यक्षको पनि बिषय छ' माओवादी केन्द्रका एक नेता भन्छन्, 'मन्त्रिपरिषद् पुनर्गठन गर्न कांग्रेस तयार भएपनि गठबन्धन के हुन्छ यसै भन्न सकिन्न ।' कांग्रेसका एक नेताले पनि गठबन्धन संकटमा देखिएको बताए । ती नेताको दाबी छ, 'भोलि नै गठबन्धनमा केही नभएपनि राष्ट्रियसभा निर्वाचनमा पुगेर केही हुनसक्छ ।' (स्रोत: अनलाइनखबर)

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# व्यक्तित्व विकास र उद्घोषण तालिमको समापन

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ राक्सिराङ गाउँपालिकामा व्यक्तित्व विकास तथा उद्घोषण तालिमको समापन भएको छ । राक्सिराङको ३ नम्बर वडा कार्यालयमा ४ दिने तालिम भएको हो ।




राक्सिराङ गाउँपालिका उपाध्यक्ष बनस्तम थिङको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । थिङले तालिममा सिकेका ज्ञान, सीपलाई पूर्णरुपमा व्यवहारमा उतार्न सहभागीलाई आग्रह गरे । सबैलाई क्षमता अभिवृद्धिका लागि यस किसिमका कार्यक्रम अनिवार्य जस्तै बन्दै गएको बताउँदै उपाध्यक्ष थिङले छोटो समयमा परिवर्तन आएकोमा खुशी व्यक्त गरे । सहभागीको सक्रियताले सामाजिक रुपान्तरणमा थप टेवा पुग्ने उनले विश्वास लिए । ‘बोल्ने कलाले जीवन परिवर्तनसँगै बोलेरै जीवन चलाउन समेत सकिन्छ । बोल्ने कला जीवनमा अपरिहार्य छ, यसलाई निरन्तरता दिन आग्रह गर्दछु ।’, थिङले भने ।

गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले व्यक्तित्व विकासले समाज परिवर्तनमा टेवा पुग्ने बताए । सामाजिक उत्तरदायित्व बहन गराउन हरेक नागरिकमा व्यक्तित्व विकासको क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको धारणा राखे । उनले तालिममा सिकेका कुरा व्यवहारमा लागु गरे मात्र तालिम लिएको सार्थक हुने बताएका छन् । राक्सिराङ गाउँपालिका-३ नम्बरका वडाअध्यक्ष उत्तम वाइबाले भौतिक विकासमा मात्रै नभएर चौतर्फी विकासमा ध्यान दिई काम गरिरहेको बताए ।

गाउँपालिकाका शिक्षा शाखा प्रमुख पंकज थारले बोल्ने कलाको विकास गर्ने उद्देश्यले आयोजना गरेको तालिम आफैंमा राम्रो रहेको बताएका छन् । उनले हरेक क्षेत्रमा बोल्नुपर्ने भन्दै बोल्ने कलाको आजको आवश्यकता रहेको धारणा राखे । हजुरको मिडिया एण्ड इभेन्ट म्यानेजमेन्ट प्रालिका अध्यक्ष रुपक कालिराजले तालिमको सहजीकरण गरेका थिए । तालिममा ४० जना प्रशिक्षार्थी सहभागी थिए । कार्यक्रम गंगाराम घिसिङ र राधिका हमालले सञ्चालन गरेका थिए ।

# शिलाधुनीमा युएसडीको सामाजिक परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ राक्सिराङ गाउँपालिकाको वडा नम्बर ६, ७ र ८ मा काम गरिरहेको दिगो विकासका लागि एकता नेपालको कार्यक्रमको प्रभावकारिता बुझ्नका लागि सामाजिक परीक्षण गरिएको छ ।

राक्सिराङ गाउँपालिका-६ शिलाधुनीस्थित काँकडा स्वास्थ्यचौकीमा सामाजिक परीक्षण गरिएको हो । दिगो विकासका लागि एकता नेपालले जर्मनीको लिसा हिमालय इभीसँग समन्वय गरी तीनवटा वडामा शिक्षा तथा स्वास्थ्य सहयोग कार्यक्रम सञ्चालन गरिरहेको छ । जस अनुसार राक्सिराङ ६, ७ र ८ नं वडामा रहेका १६ विद्यालय र ६ वटा बालविकास केन्द्रमा दिवाखाजासहित पोशाक, स्टेशनरी, छात्रबृत्ति, सर सफाई लगायतका थुप्रै सहयोगका कार्यक्रम भइरहेका छन् ।

स्थानीय सरकारकाले गर्नुपर्ने शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रका महत्वपूर्ण काम संस्थाले गरिरहेको भन्दै सामाजिक परीक्षणको प्रतिवेदन सार्बजनिक कार्यक्रममा ६ नं वडाध्यक्ष अक्कलबहादुर मुक्तानले कार्यक्रमको प्रशंसा गरे । उनले साबिक काँकडा गाविसतर्फका भूगोलमा भइरहेका कार्यक्रमले निरन्तरता पाउनुपर्ने माग समेत गरेका छन् । कार्यक्रममा विभिन्न विद्यालयका प्रधानाध्यापकले छात्रालाई मात्र नभई पोशाक र अन्य स्टेशनरीलगायतका शैक्षिक सामग्री छात्रहरुले पनि पाउनुपर्ने सुझाव दिएका थिए ।

संस्थाका कार्यक्रम व्यवस्थापक मदनकुमार ढोडरीको अध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर ६ का वडासदस्य तिलक बहादुर मुक्तान, वडा नम्बर ८ का वडासदस्य दिलबहादुर स्याङ्तान, काँकडा स्वास्थ्यचौकीका प्रमुख सूर्यबहादुर थिङलगायतले मन्तब्य व्यक्त गरेका थिए ।

# हेटौंडा ४०० केभी सबस्टेसन सञ्चालनको तयारीमा



साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ देशभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरणका लागि मकवानपुरको हेटौंडा उपमहानगर पालिका-११ थानाभन्ज्याङमा निर्माणाधीन सबस्टेसनको काम अन्तिम चरणमा पुगेको छ ।

हेटौंडा सबस्टेसनमा ४००/२२० केभी, २२०/१३२ केभी र १३२/११ केभी सबस्टेसन निर्माणाधीन छन् । एक महिनाभित्र निर्माण सम्पन्न गरी सञ्चालन (चार्ज) गर्ने लक्ष्यका साथ सबस्टेसनका उपकरणको जडान, परीक्षण लगायतका अन्तिम चरणका काम भइरहेका छन् । सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् प्रवाहका अतिरिक्त स्थानीय रुपमा आपूर्ति समेत गरिने छ । यसबाट त्यस क्षेत्रको विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय हुनेछ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले पछिल्लो समय सबस्टेसनको काम सन्तोषजनक देखिएको बताए । दश दिनभित्रमा सबस्टेसन सञ्चालनमा ल्याउने गरी बाँकी काम सम्पन्न गर्न उनले निर्देशन दिए । सरकार र विद्युत् प्राधिकरणको संयुक्त लगानीमा हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी सबस्टेसन विस्तार आयोजनाअन्तर्गत निर्माणाधीन ४००/२२० केभी हेटौंडा सबस्टेसनमा ३१५ एमभिए क्षमताका तीनथान पावर ट्रान्सफर्मरहरु छन् । जसको क्षमता ९४५ एमभिए छ ।

धनुषाको ढल्केबरबाट र अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)बाट प्राप्त हुने अनुदानबाट नुवाकोटको रातमाटेबाट निर्माण हुने ४०० केभीको डबल सर्किट प्रसारण लाइन हेटौंडा सबस्टेसनमा ल्याएर जोडिने छ । यसका लागि हेटौंडा सबस्टेसनमा आवश्यक पूर्वाधार निर्माण गरिएको छ । आयोजनाअन्तर्गत नै ढल्केबर र इनरुवामा ४००/२२० केभीका सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेका छन् । हेटौंडा र इनरुवा सबस्टेसन निर्माणका लागि २०७५ पुसमा ठेक्का सम्झौता भएको थियो ।

देशभित्रको विद्युत प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारत बीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी डबल सर्किट प्रसारण लाइन आयोजनाअन्तर्गत हेटौंडा २२०/१३२ केभी सबस्टेसन निर्माण गरिएको हो । सबस्टेसनमा १६०/१६० एमभिएका दुईवटा पावर ट्रान्सफर्मर छन् । ठेकेदार कम्पनीको कार्यसम्पादन सन्तोषजनक नभएपछि ठेक्का तोडी बाँकी रहेको काम गर्न पुस २०७५ मा नयाँ ठेक्का सम्झौता गरिएको थियो । आयोजनाअन्तर्गत नै धनुषा र इनरुवामा २२० केभी सबस्टेसनको निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन् ।

आयोजना सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा सुरु गरिएको हो । हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत १३२/११ केभी हेटौडा सबस्टेसन निर्माण गरिएको हो । यो सबस्टेसनबाट स्थानीयरुपमा विद्युत् आपूर्ति गरिने छ । सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण ऋणमा आयोजना सुरु गरिएको थियो ।

# श्रीकृष्ण आदर्श बोर्डिङमा खाना महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ हेटौंडा-९, स्थित श्रीकृष्ण आदर्श ईङलिस बोर्डिङ स्कुलमा एकदिने खाना महोत्सव गरिएको छ । विद्यार्थीको अतिरिक्त कार्यक्रमअन्तर्गत विद्यालयले पाकशिक्षालाई व्यवहारिक बनाउने उद्देश्यका साथ सांस्कृतिक खाना महोत्सव आयोजना गरेको हो ।

विद्यार्थीलाई पाककलाको ज्ञान गराउनु, व्यावसायिक सीपको विकास गराउनु, विद्यार्थी, शिक्षक र अभिभावकबीचको सम्बन्ध सुमधुर बनाउन कार्यक्रम प्रभावकारी भएको भन्दै विगत वर्षहरुदेखि नै फुड फेस्टिभल गरिँदै आएको विद्यालयका प्रिन्सिपल नवीन केसीले जानकारी दिए । उनले विद्यार्थी, शिक्षक, अभिभावकको सम्बन्ध सुमधुर हुँदा सिकाई प्रक्रियालाई समेत सहजता प्रदान गर्ने हुँदा तीनवटै पक्षलाई जोडेर कार्यक्रम आयोजना गरिएको बताए ।

कोरा किताबीज्ञानले मात्रै विद्यार्थी सक्षम हुन नसक्ने भएकोले विद्यालयले वार्षिक कार्यतालिकाअनुसार विभिन्न कार्यक्रम गर्दै आएको उनले बताए । महोत्सवमा विद्यार्थीले वर्षभरि सिकेका विज्ञानका कुराहरु प्रदर्शनी स्टल साथै विद्यार्थीले आफैंले बनाएका विभिन्न परिकारहरु राखिएको थियो ।

महोत्सवमा विद्यार्थीले फापर र कोदोको परिकार, गुन्द्रक, मम, चाउमिन, सेलरोटी, अचार, पकौडा, चाट-फुल्की, चटपटे, किनोमा, थुक्पा, छोलाभटुरा, लस्सीलगायत परिकार बनाएका थिए भने आफूले बनाएका परिकारको उचित मूल्य राखी बिक्रीवितरण समेत गरेका थिए ।

# बालमैत्री घोषणाको तयारीमा जनप्रिय र चन्द्रोदय

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ हेटौंडा उपमहानगरका दुई सामुदायिक विद्यालय बालमैत्री घोषणाको अन्तिम तयारीमा छन् । निकट समयमै दुई सामुदायिक र एक संस्थागत विद्यालय बालमैत्री घोषणा हुँदैछन् ।

हेटौंडा उपमहानगरलाई बालमैत्री घोषणाको तयारीअनुरुप विद्यालय पनि बालमैत्री घोषणाको तयारीमा जुटेका हुन् । सामुदायिकतर्फ हेटौंडा-८ कमानेमा रहेको चन्द्रोदय माध्यमिक विद्यालयले बालमैत्री विद्यालय घोषणाका लागि सूचक पुरा गरेको छ । बालमैत्री विद्यालयका ५१ वटा सूचक पुरा गर्दै बालमैत्री घोषणाको तयारी गरेको विद्यालयले आइतबार पत्रकार सम्मेलन गरी जानकारी गराएको छ ।

बालमैत्री विद्यालय घोषणाका लागि सबै सूचक पुरा गरिएको र एक समारोहबीच फागुन २२ गते बिहान ११ बजेको समयमा बालमैत्री विद्यालय घोषणा कार्यक्रम गरिने विद्यालयका प्रधानध्यापक जिधराज ढकालले बताए ।

यसैगरी, हेटौंडा-१६ हटिया चिसापानीमा रहेको जनप्रिय माध्यमिक (प्राविधिक) विद्यालयले बालमैत्री विद्यालय घोषणाका लागि सूचक पुरा गरिसकेको छ । बालमैत्री विद्यालयका ५१ वटा सूचक पुरा गर्दै बालमैत्री घोषणाको तयारी गरेको विद्यालयले आइतबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो ।

बालमैत्री विद्यालय घोषणाका लागि सबै सूचकहरु पुरा गरिएको र एक समारोहबीच फागुन २२ गते बिहान ९ बजेको समयमा बालमैत्री विद्यालय घोषणा गरिने विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले जानकारी दिए ।

बालमैत्री अभियान अन्तर्गत पुरा गर्नुपर्ने सूचक पुरा गर्दै विद्यालय व्यवस्थापन समितिमा बालक्लबको निर्णयका लागि सृष्टि अधिकारी र प्रख्यातमान लोलाई समितिको प्रत्येक बैठकमा सहभागी गराइएको प्रधानाध्यापक चौलागाईंले बताए ।

विद्यालयमा १८ सय विद्यार्थी अध्ययनरत छन् । संस्थागततर्फ २ नम्बर वडाको बालजागृति इङलिस सेकण्डरी बोर्डिङ स्कुल पनि बालमैत्री घोषणाको तयारीमा छ ।

# प्रेस युनियनकर्मीलाई प्रशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ नेपाल प्रेस युनियन जिल्ला कार्यसमिति मकवानपुरको प्रशिक्षण विभागको आयोजनामा युनियनकर्मीलाई प्रशिक्षण आयोजना गरेको छ ।

युनियन मकवानपुरका उपाध्यक्ष एवम् प्रशिक्षण विभाग प्रमुख कपिल खड्काको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि लामाले प्रेसजगत स्वतन्त्र हुँदा लोकतान्त्रिक मूल्यमान्यता फस्टाउँदै जाने बताए । उनले पत्रकारलाई लोकतान्त्रिक मूल्य मान्यताबाटै समाजको कल्याण हुने बताए ।

‘पत्रकारिता आवाज विहिनको आवाज हो । व्यावसायिक पत्रकारिता आजको आवश्यकता हो । नेपाली कांग्रेस व्यावसायिक पत्रकारिता र स्वतन्त्र प्रेसको पक्षमा छ । हामी यहाँहरुसँग सहकार्य गर्न सदैव तयार छौं ।’, उनले भने ।

कार्यक्रममा युनियनकर्मीलाई केन्द्रीय उपाध्यक्ष एवम् प्रशिक्षण विभागप्रमुख नकुल अर्यालले विशेष सांगठनिक प्रशिक्षण एवम् प्रशिक्षण विभागका सदस्य शिरोमणि ढुंगानाले लोकतान्त्रिक मूल्य प्रवर्द्धनमा प्रेसको भूमिका विषयक प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा मकवानपुरका अध्यक्ष सुवास विडारी, कांग्रेस मकवानपुरका प्रवक्ता अर्जुनप्रसाद चौलागाईं, युनियन केन्द्रीय सदस्य राजन दाहाल खुसराज, मकवानपुरका संस्थापक अध्यक्ष राममणि दाहाल लगायतले मन्तव्य व्यक्त गरेका थिए । युनियनले प्रशिक्षणसँगै वनभोज कार्यक्रमसमेत आयोजना गरेको थियो ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**हेटौंडा अस्पताल**
हेटौंडा, नेपाल

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

*प्रकाशित मिति: २०८०/११/२१ गते*

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, हेटौंडा अस्पतालको अस्पताल संचालन तथा व्यवस्थापन समितिबाट करार पदपूर्तिको लागि मिति २०८०/११/०२ गतेको निर्णय अनुसार चिकित्सक तथा स्वास्थ्यकर्मी सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ बमोजिम करारको पदमा पदपूर्ति हुने गरी तपशिल बमोजिमका पदहरुमा १५ दिने सूचना आह्वान गरिएको छ । इच्छुक योग्य उम्मेदवारले तोकिएको शर्त बमोजिम सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस अस्पताको प्रशासन शाखामा फारम भरी बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | २०८०/०८१/३५ | कन्सल्टेन्ट (M.D.G.P) | नवौं (९) | स्वास्थ्य/मेडिकल जनरनिष्ट | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट M.D.G.P उत्तीर्ण गरी BNC दर्ता भएको । |

**सम्पर्क मिति :** २०८०/१२/०५ गतेका दिन ।
**परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता ।
**दरखास्त दस्तुर :** नवौं तहको लागि रु १४००।- अस्पताल संचालन तथा व्यवस्थापन समितिको कृषि विकास बैंकमा रहेको खाता नं. ०५०८५०१६१३४५५०१३ मा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ ।
**सेवा अवधि :** चालु आ.व. २०८०/०८१ को लागि ।
**उम्मेदवारको उमेरको हद :** अधिकृत नवौं तहको लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
**अनुभव :** अनुभवलाई विशेष ग्राहयता दिइनेछ।
**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :** नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरु, सम्बन्धित विषयको council प्रमाण पत्रको प्रतिलिपि, अनुवभ सम्बन्धी कागजातहरु ।
**दरखास्त तथा दस्तुर बुझाउने स्थान:** हेटौंडा अस्पताल, प्रशासन शाखामा ।
**दरखास्त दिने अन्तिम मिति :** २०८० चैत्र ४ गतेसम्म कार्यलय समय भित्र, सो दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र ।
**सम्पक मिति :** दरखास्त दिने अन्तिम मितिको दोस्रो दिन (२०८०/१२/०५) गते ।
**पदमा रही गर्नुपर्ने कामको विवरण :** सेवा समूह सम्बन्धी तथा अस्पतालको नियमानुसार ।
विस्तृत जानकारीको लागि हेटौंडा अस्पताल, प्रशासन शाखा वा Hetauda Hospital को Website मार्फत् डाउन्लोड गरी भर्न सकिन्छ । सम्पर्क ०५७-५२३९७८ र ०५७-५२०४०९ मा राख्नु होला ।

हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३